# जापानिज युनिभर्सिटिज एलुम्नाई एसोसिएसन, नेपालको विधान

# The constitution of Japanese Universities Alumni Association, Nepal

(२०५३)

(Japanese University Student's Association, Nepal (JUSAN) **को विधान २०५३ संसोधन भइ मिति २०६४।१।१३ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट स्वीकृति प्राप्त**)

**प्रस्तावना:**

नेपालको उत्तरोत्तर प्रगतिको निमित्त उच्च शिक्षा हासिल गरेका जनशक्तिको आवश्यकता हुन्छ । विकास कार्यको कुनै पनि क्षेत्रमा सरकारी, अर्धसरकारी, अन्तर्राष्ट्रिय संघसंस्था, निजी रूपमा चलेका कार्यालयहरू वा आफ्नै व्यवसायमा संलग्न कसैलाई पनि सरसल्लाह दिई सघाउन सकिने हुन्छ । जापानमा अध्ययन गरी हासिल गरेका ज्ञान र सीप देशको विकासमा सक्रियरूपले योगदान पुऱ्याउन छरिएर रहेका यस्ता जनशक्ति एक छत्रछायामा बसेर नेपाल जापान मैत्री सम्बन्धलाई अझ मजबुत गराउन सघाउ पुऱ्याउने उद्देश्य लिई यस एसोसिएसनको स्थापना गरिएको हो ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संस्थाको नाम:

यस संस्थाको नाम "जापानिज युनिभर्सिटिज एलुम्नाई एसोसिएसन, नेपाल" रहनेछ । अंग्रेजीमा "Japanese Universities Alumni Assoication, Nepal" रहनेछ। छोटकरीमा यसलाई नेपालीमा "जुआन" र अंग्रेजीमा "JUAAN" भनिनेछ ।

क. संस्थाको कार्यालय रहने ठेगाना:
यस संस्थाको कार्यालय काठमाडौं जिल्लामा हुनेछ ।

ख. संस्थाको कार्यक्षेत्र :
आवश्यकता अनुसार सम्बन्धित मुलुकको अनुमति लिई विदेशमा समेत कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

ग. प्रारम्भ:
यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

घ. संस्थाको अस्तित्व:
यो संस्था एक अविछिन्न उत्तराधिकारीवाला संगठित, स्वशासित, गैर-नाफामूलक, गैर- राजनीतिक सामाजिक संस्था हुनेछ ।

२. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:

क. “विधान” भन्नाले “जापानिज युनिभर्सिटिज एलुम्नाई एसोसिएसन, नेपाल” को विधानलाई सम्झनु पर्दछ ।

ख. “संस्था” भन्नाले “जापानिज युनिभर्सिटिज एलुम्नाई एसोसिएसन, नेपाल” लाई सम्झनु पर्दछ ।

ग. “कार्यसमिति” भन्नाले यस विधान बमोजिम गठित “जापानिज युनिभर्सिटिज एलुम्नाई एसोसिएसन, नेपाल” को कार्यसमितिलाई सम्झनु पर्दछ ।

घ. “सभा” भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ. “पदाधिकारी” भन्नाले संस्थाका पदाधिकारीहरूलाई सम्झनु पर्दछ ।

च. “कोष” भन्नाले यस संस्थाको कोषलाई सम्झनु पर्दछ ।

छ. “ऐन” भन्नाले संस्था दर्ता ऐन, २०३४ लाई सम्झनु पर्दछ ।

ज. “साधारण सभा” भन्नाले विधान बमोजिम संस्थाको वार्षिक साधारण सभा र विशेष साधारण सभालाई समेत सम्झनु पर्दछ ।

झ. “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्दछ ।

ञ. “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यस विधान अन्तर्गत बन्ने

नियममा उल्लिखित कुरा सम्झनु पर्दछ ।

३. संस्थाको छाप र चिन्ह:

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूची १ मा तोकिएबमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाप, छाप, चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरून्त संशोधन गरिनेछ ।

## परिच्छेद -२

## उद्देश्यहरू

४. संस्थाको उद्देश्य:

यस संस्थाको मुख्य उद्देश्य नेपालमा मित्रराष्ट्र जापानका विभिन्न विश्वविद्यालयवाट उच्च शिक्षा हासिल गरी विभिन्न कार्यमा संलग्न व्यक्तिहरूलाई एक सूत्रमा बाँधी देशको चौतर्फी विकासमा बढी भन्दा बढी टेवा पुऱ्याउनु हो । यो लक्ष्य प्राप्तिका लागि निम्नलिखित उद्देश्यहरू रहनेछन् ।

क. यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख. यस संस्थाले उत्पादनमूलक अनुसन्धान क्षेत्रमा ज्ञान प्राप्ति र अनुसन्धानका लागि हुने प्रयासलाई सक्दो प्रोत्साहन दिनेछ । यसबाट उत्पादन गराउने खालको प्रविधिको खोज, निकालिएका निष्कर्ष, समस्या आदि बारे समय समयमा राष्ट्रिय अन्तराष्ट्रिय स्तरको कार्यशाला गोष्ठी, सेमिनार र सम्मेलन आदि गर्ने वा त्यस प्रकारका कार्यक्रममा सहभागी बन्न सक्नेछ ।

ग. यस संस्थाले समय समयमा नेपाल तथा जापानसँग सम्बन्धित ज्ञानवर्धक विषयमा प्रवचन गर्ने गराउने तथा पत्रपत्रिका आदि प्रकाशित गर्नेछ ।

घ. यस संस्थाले जापानका शैक्षिक तथा सास्कृतिक संघसंस्थाहरूबीच समन्वय तथा ज्ञानको आदान प्रदानका लागि प्रयास गर्नेछ ।

ङ. देशको समग्र विकासको लागि यस संस्थाले सक्दो सहयोग पुऱ्याउने छ ।

च. यो संस्थाले यसका सदस्यहरूसँग सम्बन्धित जापानका विभिन्न शिक्षण संस्था वा प्राज्ञिक प्रतिष्ठान आदिसँग रही आएको सम्बन्ध जारी राख्नका लागि सहयोग पुऱ्याउनेछ ।

छ. यस संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कुनै राजनैतिक समर्थन अथवा त्यस प्रकारको कुनै क्रियाकलापमा भाग लिने छैन । यो एक शैक्षिक र सास्कृतिक संस्था हुनेछ ।

ज. यो विधानका उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने ।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :

यस संस्थाको उपर्युक्त उद्देश्यहरू प्राप्त गर्न देहायका कार्यहरू गर्नेछ ।

क. संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र आफ्ना उद्देश्यहरू कार्यान्वयन गर्नेछ ।

ख. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, टाइप राइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरीद गरी वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग. संस्थालाई आवश्यक पर्ने कर्मचारीहरूको नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारित गर्नेछ ।

## परिच्छेद-३
## सदस्यता

६. सदस्यहरूको वर्गीकरण:

यस संस्थाको देहाय बमोजिम ५ प्रकारका सदस्यहरूको वर्गीकरण गरिएको छ :

क. संस्थापक सदस्य: संस्था स्थापना गर्दा यस विधानमा हस्ताक्षर गर्ने व्यक्तिहरू संस्थापक सदस्य हुनेछन् ।

ख. साधारण सदस्य: मित्रराष्ट्र जापानको कुनै पनि विश्वविद्यालयबाट डिग्री हासिल गरेका वा कम्तीमा एक वर्षसम्म अध्ययन गरी शैक्षिक प्रमाणपत्र प्राप्त गरेका जोसुकै नेपाली नागरिकले अनुसूची (२)

बमोजिम सदस्यताको फाराम भरी कार्यसमितिले तोकेको शुल्क बुझाएर सदस्यता प्राप्त गर्न सक्नेछन् । तर यो संशोधित विधान लागु हुनु भन्दा अगाडि भएका सदस्यहरू यो संशोधित विधानअनुसार पनि वैधानिक सदस्य भएको मानिनेछन् ।

ग. आजीवन सदस्य: माथि (ख) मा उल्लेखित सबै प्रक्रिया पूरा गरी साधारण सदस्य भएको दुई वर्ष पुगेपछि कार्यसमितिले तोकेको आजीवन सदस्यता शुल्क एक मुष्ट बुझाई अनुसूची (२) बमोजिम फाराम भरी आजीवन सदस्य बन्न सक्ने छन् ।

घ. सहसदस्य: जापान फाउन्डेसन वा यस्तै अन्य उच्च स्तरीय संस्थाहरूमा कम्तीमा जापानमा १ वर्ष अनुसन्धान गरेका नेपाली तथा नेपालमा १ वर्ष अध्ययन/अनुसन्धान गरेका वा गरिरहेका जापानी नागरिकलाई कार्यसमितिले सह-सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता सदस्यहरू चुनावमा उम्मेदवार हुन तथा मतदान गर्न पाउने छैनन् तर जुआनका अन्य गतिविधिहरूमा भने सहभागी हुन सक्नेछन् ।

ङ मानार्थ सदस्य: नेपाल जापानसँग सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याई जुआनलाई समेत योगदान गरेका महानुभावहरूलाई कार्य समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यहरू जुआनको विभिन्न गतिविधिमा सहभागी हुन सक्ने छन् तर यस्ता सदस्यहरूले चुनावमा उम्मेदवार हुन तथा मतदान गर्न पाउने छैनन् ।

७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता:

यस संस्थाको सदस्यको लागी देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ:

क. नेपाली नागरिक जसले कुनै पनि जापानी विश्वविद्यालयबाट कम्तीमा एक वर्ष अध्ययन गरी प्रमाण पत्र प्राप्त गरेको । तर मानार्थ र सहसदस्यहरूको हकमा माथि ६ (घ) र (ङ) अनुसार हुनेछ ।

ख. १६ वर्ष उमेर पूरा गरेको ।

ग. मानसिक स्थिति ठीक भएको ।

घ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ. नैतिक पतन देखिने र भ्रष्टाचारीको फौजदारी अभियोगमा सजाय नपाएको ।

८. संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था:

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन ।

क. गैर-नेपाली नागरिक ।

ख. १६ वर्ष उमेर पूरा नगरेको ।

ग. मगज बिग्रेको वा बहुलाएको ।

घ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

च. सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

छ. साहुको दामासाहीमा परेको ।

ज. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाभ्की गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

झ. अयोग्यता सम्बन्धी निर्णय गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ र सदस्यता समाप्तिको निणर्य गर्नुपूर्व सुनुवाईको मौका दिइनेछ ।

९. सदस्यताको समाप्ति:

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थामा बहाल रहने छैन ।

क. यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख. साधारण सभाको ७५ प्रतिशतको सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग. सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ. संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ. यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

च. सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ. संस्था विघटन भई खारेज भएमा ।

२. कुनै पनि व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सबुद पेस गर्ने मौका दिनेछ ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

यस विधानको दफा ६ बमोजिमका सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१. साधारण सदस्य:

क. साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले कार्यसमितिले तोकेको प्रवेश शुल्क र वार्षिक शुल्क बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख. त्यस्ता साधारण सदस्यले कार्यसमितिले तोकेको वार्षिक सदस्यता नवीकरण शुल्क बुझाउनु पर्नेछ ।

ग. साधारण सदस्यता प्राप्त गर्ने सदस्यहरूले प्रत्येक वर्ष चैत्र महिनाको मसान्त भित्र नवीकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सकिनेछ ।

२. संस्थापक सदस्य:

क. यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् ।

ख. संस्थापक सदस्यले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

३. आजीवन सदस्य:

कार्यसमितिले तोकेको शुल्क बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरूलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४. मानार्थ सदस्य:

साधारण सभाको निर्णयले उपयुक्त ठानेका समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरूलाई मानार्थ सदस्य प्रदान गर्न सकिनेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइने छ ।

६. सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्था पालना गर्नु पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफा १,२,३ र ४ अनुसारका सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

## परिच्छेद -४

## साधारण सभा, कार्यसमिति तथा बैठक सम्बन्धी व्यवस्था

११. साधारण सभाको गठन :

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरूबाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरू आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क. वार्षिक साधारण सभा: वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क. वार्षिक साधारण सभा: वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

ख. विशेष सधारण सभा: संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रूपमा बोलाउनु पर्दछ। तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुन: विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ. व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली साधारण सदस्यहरूलाई अनिवार्य रूपले सूचना दिइने छ । सूचना कुनै एउटा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ र इमेल ठेगाना भएका सदस्यहरूको हकमा इमेल मार्फत पनि सूचना पठाइनेछ ।

५. उपदफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

१२. साधारण सभाको काम, कर्तव्य र अधिकार : साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. कार्यसमितिले पेश गरेको योजना कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने ।

ख. लेखा परीक्षकबाट प्रतिवेदनबाट देखिएका अनिमित बेरुजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरूजु रकम अशुल उपर गरी फर्छ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग. आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ. संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरूको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ. संस्थाको कार्य समितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा

कार्य समितिका पदाधिकारीहरूको विधान बमोजिमको संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

च. कार्य समितिद्वारा पेस भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ. मानार्थ सदस्यता प्रदान गर्ने ।

ज. कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम कारबाहीहरूका औचित्य हेरी अनुमोदन गर्ने ।

झ. संस्थाको आफ्नै आन्तरिक स्रोतबाट बेहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने ।

१३. कार्यकारिणी समितिको गठन र कार्यविधि:

१. साधारण सभाका सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरू रहने १४ सदस्यीय एक कार्यसमिति गठन गरिनेछ ।

अध्यक्ष ......................१

उपाध्यक्ष ......................१

महासचिव ......................१

सचिव ..............................१

कोषाध्यक्ष ......................१

सदस्यहरू ......................८

पदेन सदस्य (निवर्तमान अध्यक्ष).....................१

२. कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ । तर अध्यक्षको पदमा लगातार दुईपटक निर्वाचित हुन सकिने छैन ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिको सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिने छ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ तर अन्य पदहरूका लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पद पूर्ति गरिनेछ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ, तर कार्यसमितिका पदाधिकारीहरूको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरून्त बोलाउनु पर्नेछ ।

५. कार्यसमितिका पदाधिकारीहरूको कुल संख्याको ५१% पदाधिकारीहरू उपस्थित नभई कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएका अन्य उपस्थित सदस्यहरूले छानेको वा ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरूको छुट्टै किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्ने छ तर निणर्यमा असहमति जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्ने छ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुने छ ।

१०. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी काम बैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

१४. कार्यसमितिको काम, कर्तव्य र अधिकार : कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क. विधान अन्तर्गत रही आवश्यकता अनुसार नियमहरूको तर्जुमा गर्ने र सदस्यता शुल्क निर्धारण गर्ने ।

ख. आफ्नो कार्य अवधि भरका लागि उपयुक्त व्यक्तिहरू सम्मिलित

समिति, उपसमितिका गठन गर्ने र आवश्यकता अनुसार कामको बाँडफाँड गर्ने ।

ग. संस्थाको उद्देश्य प्राप्तिको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

घ. कोष संचालन गर्ने र संस्थाको वार्षिक बजेट स्वीकृत गर्ने ।

ङ. सम्बन्धित विषयमा सभा, समारोह, छलफल, अन्तरक्रिया, विचार, गोष्ठी लगायतका कार्यक्रमहरू संचालन र आयोजना गर्ने ।

च. संस्थालाई आवश्यक पर्ने कर्मचारीहरू नियुक्त गर्ने, नियुक्त कर्मचारीहरूको सेवा, सुविधा तथा अन्य कुराहरू तोक्ने ।

छ. साधारण सभाबाट पारित भएका कुराहरूलाई कार्यान्वयन गर्ने ।

ज. विधान बमोजिमका अन्य कार्यहरू गर्ने, गराउने ।

झ. संस्थाका लागि सहयोग उपलब्ध गराउने ।

ञ. चल अचल सम्पत्तिको हिसाब किताब दुरूस्त राख्ने ।

ट. रिक्त हुन आउने पदका सम्बन्धमा साधारण सभा सदस्यहरू मध्येबाट कार्यसमितिले बाँकी अवधिका लागि मनोनयन गर्ने ।

ठ. कार्यसमितिले आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गरी कार्य गर्न सक्नेछ ।

१५. पद त्याग गर्न सक्ने : अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारहिरूले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

१६. अन्य समितिहरू :

क. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्यसमितिले आवश्यकता अनुसार अन्य समिति वा उप समितिहरू गठन गर्न सक्ने छ र आगामी साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

ख. उप समितिहरूका कार्यहरू कार्यसमितिले तोकिदिए बमोजिम हुने छ ।

## परिच्छेद-५
## पदाधिकारीको काम, कर्तव्य र अधिकार

१७. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार : कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्षको काम कर्तव्य र अधिकार :

क. समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख. निर्णायक मत दिने ।

ग. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ. संस्थाको नेतृत्व लिने ।

ङ. आवश्यकता अनुसार बैठकहरू बोलाउन महासचिवलाई निर्देशन दिने ।

च. अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने ।

छ. अभिलेख प्रमाणित गर्ने ।

२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

क. अध्यक्षलाई सहयोग गर्ने ।

ख. अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग. अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

घ. तोकिएको समयमा अध्यक्षले बैठक नबोलाएमा र बिशेष परिस्थिति सृजना भएमा उपाध्यक्षले बैठक बोलाउन सक्नेछ ।

३. महासचिवको काम कर्तव्य र अधिकार :

क. संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख. अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग. अभिलेख सुरक्षित राख्ने ।

घ. अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

४. सचिवको काम, कर्तव्य र अधिकार :

क. महासचिवको अनुपस्थितिमा निजको काम कर्तव्य र अधिकार प्रयोग गर्ने ।

ख. महासचिवलाई आवश्यक सहयोग गर्ने ।

५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

क. संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख. साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेस गर्ने ।

ग. लेखा दुरूस्त राख्ने ।

घ. नियमित रूपमा वार्षिक लेखापरीक्षण गराउने ।

ङ. संस्थाको सदस्यहरूको अद्यावधिक अभिलेख राख्ने ।

च. कार्य समितिले तोकेको अन्य जिम्मेवारी वहन गर्ने ।

६. सदस्यहरूको काम, कर्तव्य र अधिकार :

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख. संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग. विधान बमोजिमका अन्य कार्य गर्ने ।

१८. गणपूरक संख्या :

क. कुल सदस्य संख्याको ६०% (साठी) प्रतिशत साधारण सदस्यहरूको उपस्थिति नभई साधारण सभाको काम कारबाही हुने छैन ।

ख. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

ग. माथि (ख) बमोजिम बोलाइएको साधारण सभामा ५१% उपस्थित नभएमा तेस्रो पटक बोलाइएको साधारण सभामा ३३% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६
## आर्थिक व्यवस्था

१९. संस्थाको कोषः

क. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषको देहाय बमोजिमको प्राप्त रकमहरू जम्मा हुनेछ :

१. सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

२. अध्ययन, अनुसन्धान, परामर्श सेवा लगायतका कार्यक्रमहरूबाट प्राप्त रकमहरू,

३. नेपाल सरकारको प्रचलित कानुनको अधीनमा रही नेपाल सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृसंस्थाबाट प्राप्त अनुदान रकमहरू ।

४. यस संस्था प्रति आस्था राखी कुनै पनि व्यक्तिबाट प्रदान गरिएको नगद तथा जिन्सी सामानहरू ।

५. यस संस्थाले अन्य कुनै संस्थालाई परामर्श सेवा वा अन्य सेवा गराए वा दिए बापत प्राप्त हुने रकमहरू ।

६. सम्बन्धित निकायसँग स्वीकृति लिई संस्थाको तर्फबाट प्रकाशित पुस्तक, पुस्तिका पत्र, पत्रिका प्रतिवेदन आदिको बिक्रीबाट प्राप्त रकमहरू ।

७. कसैले स्वेच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम ।

८. संस्थाको आर्जन तथा अन्य आम्दानी ।

९. स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

ख. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत लिने छ ।

ग. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिने छ ।

२०. खाता संचालन : संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

२१. कोषको रकम खर्च गर्ने तरिका : संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क. संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख. साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिने छ ।

ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रूपले पेश गर्नुपर्ने छ ।

घ. कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

२२. संस्थाको लेखा र लेखा परीक्षण :

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिने छ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिस्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाब किताब जाँच गराउन सकिनेछ ।

४. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद -७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२३. निर्वाचन सम्बन्धित व्यवस्थाः

क. कार्यमितिले नयाँ कार्यसमितिको निर्वाचन प्रयोजनका लागि जुआनका सदस्यहरूमध्येबाट बढीमा ३ जनाको एक निर्वाचन समितिको गठन गर्ने छ र एक ३ सदस्यीय निर्वाचन जाँचबुझ समितिको पनि गठन गर्न सक्नेछ ।

ख. निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर निर्वाचन कार्य विधि आफै व्यवस्थित गर्नेछ । तर कार्यसमितिको उम्मेदवार हुन संस्थाको साधारण वा आजीवन सदस्य मध्ये एक जना प्रस्तावक र एक जना समर्थकको सहीछाप हुनु पर्नेछ ।

ग. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले लगाउने छ । तर उक्त निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले निर्वाचन जाँचबुझ समिति उपर निवेदन गर्न सक्नेछ र उक्त जाँचबुझ समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४. उम्मेदवार हुने योग्यताः कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

क. संस्थाको साधारण सदस्य भएको हुनुपर्नेछ ।

ख. संस्थाको अध्यक्ष, उपाध्यक्ष, महा सचिव र कोषाध्यक्ष पदको उम्मेदवार हुन जापानिज सरकारको छात्रवृत्ति (मन्बुकागाकुसो) प्राप्त गरेको हुनु पर्नेछ ।

ग. निर्वाचन समिति र जाचबुझ समितिका सदस्यहरूले कार्य समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैनन् ।

२५. अविश्वासको प्रस्तावः

१. अविश्वासको प्रस्ताव लिखित रूपमा कुन पदाधिकारको विरूद्धमा

हो स्पष्ट खुलाई देहाय बमोजिमको रीत पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क. नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्दछ ।

ख. प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनु पर्दछ ।

ग. साधारण सभा सदस्यहरू मध्येबाट कम्तीमा १/४ (एक चौथाइ) सदस्यहरूको प्रस्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्दछ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया:

क. साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेस गर्न अनुमति दिनेछ र प्रस्ताव पेस गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

ख. उप दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा तीन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उप दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू विरूद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो सफाई पेश गर्ने मौकाका लागि आफ्नो भनाइ राख्न अनुमति दिइने छ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय:

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम

समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर वा

ख. साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाका कुलसदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ ।

३. निर्वाचित भएको छ महिना नपुगी वा प्रस्ताव विफल भएको छ महिना नपुगी त्यसै व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. **विधान संशोधनः**

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरूले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२७. **नियम बनाउन सक्ने :**

१. संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्ने छ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सोको जानकारी दिनु पर्ने छ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्न सक्नेछ । त्यस्ता विनियमहरू साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. **कर्मचारीको व्यवस्था:**

क. संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनका लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराइने छ ।

२९. **संस्थाको खारेजी:**

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताब गर्नका लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरू नियुक्त गर्न सक्नेछ ।

३. उप दफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्व फर फारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३०. **व्याख्या :**

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

३१. **गोप्यता भङ्ग गर्न नहुने :**

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यहरूले संस्थाको अहित हुने

कार्य गर्नु हुँदैन र संस्थाको गोप्यता भङ्ग गर्नु हुँदैन । कार्यसमितिका पदाधिारी वा साधारण सभाका सदस्यहरूले बैठक वा सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्नु हुँदैन ।

३२. **ऐन अनुसार हुने:**
यस विधानमा उल्लेख नभएका कुराहरू कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानुनसँग बाझ्न गएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।

३३. **निर्देशनको पालना:**
नेपाल सरकार स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको प्रमुख कर्तव्य हुनेछ ।

३४. **तदर्थ समिति:**

१. यो संस्था स्थापना गरी दर्ता गराउनेको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरू यसै विधान सरह भएको मानिने छ ।

३५. हामी जुआनका निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौं ।

संस्थापकको नाम, थर र ठेगाना

१. नाम थर ..................
ठेगाना .......... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ....

२. नाम थर ..................
ठेगाना .......... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ....

३. नाम थर ..................
ठेगाना .......... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ....

४. नाम थर ..................
ठेगाना .......... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ....

५. नाम थर ..................
ठेगाना .......... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ....

६. नाम थर ..................
ठेगाना .......... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ....

७. नाम थर ..................
ठेगाना .......... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ....

साक्षीको नाम, थर, वतन र सहीछाप

१. नाम थर ........................
ठेगाना ........... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ........

२. नाम थर ........................
ठेगाना ........... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ........

३. नाम थर ........................
ठेगाना ........... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ........

४. नाम थर ........................
ठेगाना ........... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ........

५. नाम थर ........................
ठेगाना ........... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ........

६. नाम थर ........................
ठेगाना ........... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ........

७. नाम थर ........................
ठेगाना ........... जिल्ला ......
न.पा./गा.वि.स., वार्ड नं. ........

# अनुसूची १
# Annex 1

जुआनको छाप

Seal of JUAAN

अनुसूची २

Annex 2

# सदस्यता आवेदन फाराम
## Membership Application Form

श्रीमान अध्यक्षज्यू

The President,

म जुआनको साधारण सदस्य/आजीवन सदस्य/सह-सदस्य/मानार्थ सदस्य वन्ने मेरो इच्छा भएकाले सदस्यता प्राप्त गर्न यो निवेदन पेस गरेको छु।

I hereby wish to apply for General Member/Life Member/Associate Member/Honorary Member of the Japanese Universities Alumni Association, Nepal (JUAAN).

| | |
|---|---|
| नाम ........................................ | Name ...................... |
| जन्म मिति ................................ | Date of Birth ................................ |
| अध्ययन गरेको अध्ययन संस्थान ........ | Institute studied ............................ |
| अध्ययन अवधि .........देखि....... सम्म | Duration of study ..........From.........to...... |
| अध्ययन गरेको विषय .................. | Field of study .............................. |
| डिग्री अन्य .............................. | Degree or others .......................... |
| छात्रवृत्तिको किसिम: मोन्बुकागुसो/प्राइभेट | Type of scholarship: Monbukagusho/private |
| वतन .................................... | Address .......................... |
| निवास स्थान .......................... | Residence ...................... |
| टेलिफोन .............................. | Telephone ...................... |
| इ-मेल .................................. | E-mail ............................. |
| कार्यालय .............................. | Office ............................. |
| पद ...................................... | Designation ................... |

म जुआनको विधान र नियम पूर्णरूपमा पालना गर्नेछु।

I hereby, apply for the membership and abide by the rules of the JUAAN.

सिफारिस गर्ने
(Recommended by

निवेदकको दस्तखत
Signature of Applicant

जुआनवाट स्वीकृति दिनेको सही ....................
(Approved by JUAAN Authority)
मिति (Date)..................